# विहादी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## वहाकीठाँटी, पर्वत

गण्डकी प्रदेश, नेपाल

पत्र संख्या :- २०८२/८३
चलानी नं. :-

मिति २०८२/०९/२०
ने.सं. ११४६ पोहेलागा १ आइत

विहादी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय वहाकीठाँटी, पर्वत गण्डकी प्रदेश, नेपाल २०७३

**७५% अनुदानमा घाँस काट्ने मेसिन वितरण कार्यक्रमको लागि आवेदन पेश गर्ने सम्बन्धित १५ दिने सूचना !!!**

**सूचना नं-** ४१

विहादी गाउँपालिका पशु विकास शाखाको आ.व २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार विहादी गाउँपालिका भित्रका गाई/गोरु/भैँसी/राँगा पाल्ने कृषकहरुको २५% लागत साझेदारीमा घाँस काट्ने मेशिन आवश्यक भएका कृषकहरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिन **(मिति २०८२/१०/०५ गते**) भित्र विहादी गाउँपालिका वा सम्बन्धित वडा कार्यालयहरुमा उपलब्ध हुने निवेदनको ढाँचा भरि आफुलाई पायक पर्ने स्थानहरु (विहादी गाउँपालिका वा सम्बन्धित वडा कार्यालय) मा तपसिल बमोजिमको प्रकृया पुर्याई आवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ। **रित नपुगेका वा म्याद नाघि प्राप्त हुन आएका प्रस्ताव छनौटका लागि समावेश नहुने व्यवहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ।**

**तपशिल:**

| क्र.सं. | कार्यक्रम | कुल वजेट | कैफियत |
|---|---|---|---|
| १. | ७५% अनुदानमा घाँस काट्ने मेसिन वितरण कार्यक्रम | ५ लाख मात्र । | छनोटमा परेका कृषकहरुको २५% साझेदारी हुनेगरी । |

**निवेदन पेश गर्दा आवश्यक पर्ने कागजातहरु:**

१. निवेदकको निवेदन, नागरिकताको प्रतिलिपि र वडाको सिफारिस।
२. फर्म दर्ता भएको हकमा फर्म दर्ता प्रमाण पत्र प्रतिलिपि, PAN दर्ता प्रतिलिपि, करचुक्ता प्रतिलिपि
३. विमा पोलिसिको प्रतिलिपि।
४. नियमित खोप लगाएको खोप कार्डको प्रतिलिपि ।

शुमन बहादुर रेश्मी
प्रशासकीय अधिकृत